लोकसंस्कृतिविद् प्राध्यापक मोतीलाल पराजुलीको निधन

हिमालय टाइम्स
काठमाडौं, २६ जेठ

लोकसंस्कृतिविद् प्राडा मोतीलाल पराजुलीको ६५ वर्षको उमेरमा निधन भएको छ । क्यान्सरका बिरामी पराजुली पछिल्लो पटक कोरोनाबाट पीडित भई शीहद मेमोरियल अस्पताल कलंकीमा उपचारको क्रममा मंगलवार साँझ उहाँको निधन भएको हो ।

२०१३ साल माघमा कास्कीको चापाकोटमा जन्मिनुभएका पराजुली त्रिभुवन विश्वविद्यालयमा चार दशक प्राध्यापन गर्नुभएको थियो । पराजुलीका 'नेपाली लोकगाथा', 'नेपाली रचना कला', 'धर्मात्मा राजा', 'विशेष लेखन', 'नेपाली लोकनाटक : सिद्धान्त र विवेचना', 'सोरठी नृत्य नाटिका: सैद्धान्तिक अध्ययन', नेपालीमा प्रचलित नृत्य र नाटिकाहरू', चार भागमा 'नेपाली लोककथा संग्रह' (चार भाग), 'नेपाल लोकसाहित्यको रुपरेखा' (सहलेखन), नेपाली लोककथा सिद्धान्त र विश्लेषण', 'नेपाली प्रदर्शनकारी कला भाग-४'लगायत कृति प्रकाशित छन् ।

'नेपाली लोककथामा अभिप्राय' शीर्षकमा विद्यावारिधि गर्नुभएका पराजुलीले 'बालन लोकनाट्य', 'सवाई लोककाव्य', 'लोक साहित्यका अध्ययन पद्धति', 'रामकथा', 'सोरठी पावरा र सोरठी लोकनाटकको तुलना', 'कास्की जिल्लाका गाथा', 'गण्डकी अञ्चलका लोकनाच', 'आँधीखोले भजन चुड्का' विषयमा अनुसन्धान गर्नुभएको थियो । पराजुलीका एक छोरा र एक छोरी हुनुहुन्छ भने उहाँको धर्मपत्नीको पनि १५ दिनअघि कोरोनाका कारण निधन भएको थियो ।

दक्षिण अफ्रिकाकी एक महिलाले एकैपटक जन्माइन् १० सन्तान

जोहेनेसबर्ग/एजेन्सी । दक्षिण अफ्रिकाकी एक महिलाले एकैपटक १० बच्चा जन्माएर एकैपटक सबैभन्दा धेरै बच्चा जन्माएको नयाँ रेकर्ड बनानु भएको छ । ७ जुनका दिन ३७ वर्षकी गोसियामी धमारा सिटहोल नामकी महिलाले एकैपटक १० बच्चा जन्माउनु भएको हो । उहाँले सात छोरा र तीन छोरी जन्माउनुभएको छ । गर्भावस्थाको जाँचको क्रममा डाक्टरले उहाँको गर्भमा ६ बच्चा हुनसक्ने बताएका थिए तर जन्मिँदा अपेक्षा गरिएभन्दा चार बच्चा धेरै जन्मिए । १० बच्चा जन्माएका दम्पती निकै कुशी छन् । उनीहरूको परिवारमा उत्सवको माहोल छ ।

सिटहोलले स्थानीय मिडियासँग कुरा गर्दै आफ्नो गर्भावस्थालाई लिएर आफैं चकित भएको बताउनुभयो । द सनको रिपोर्टनुसार सबै बच्चा पूर्णरूपमा स्वस्थ भएको बताइएको छ । बच्चाहरूलाई आगामी केही महिनासम्म इन्क्युबेटरमा राखिनेछ । सिटहोलले प्राकृतिक रूपमै गर्भधारण गर्नुभएको थियो । गर्भावस्थाको क्रममा आफूलाई असहज भएको बताउनुभयो । एक महिनाअघि मालीकी महिला हलिमा सिसीले मोरक्कोको एक अस्पतालमा एकैपटक ९ बच्चा जन्माउनु भएको थियो ।

विश्वको आर्थिक वृद्धि ५.६ प्रतिशत हुने प्रक्षेपण

एजेन्सी
वासिंगटन, २६ जेठ

विश्व बैंकले सार्वजनिक गरेको 'विश्व आर्थिक परिदृश्य' प्रतिवेदनमा यसवर्ष सन् २०२१ मा विश्वको आर्थिक वृद्धि ५.६ प्रतिशत हुने प्रक्षेपण गरिएको छ । गत जनवरीमा बैंकले यसवर्ष ४.१ प्रतिशत आर्थिक वृद्धि हुनेअनुमान गरेको थियो ।

गतवर्ष विश्वको अर्थतन्त्र ३.५ प्रतिशतले खुम्चिएको थियो । कोरोनाभाइरस महामारीले व्यापारमा पुऱ्याएको अवरोध, व्यवसाय बन्द र मानिसलाई घरभित्रै बस्न बाध्य पारेका कारण आर्थिक वृद्धिमा नकारात्मक असर परेको थियो । बैंकले गरेको यो प्रक्षेपण सन् १९७३ पछि सबैभन्दा बढी हो । सन् १९७३ मा विश्वको आर्थिक वृद्धि ६.६ प्रतिशत थियो ।

तर, सन् २०२१ को आर्थिक वृद्धि विश्वका सबैजसो मुलुक एवं क्षेत्रमा समान किसिमको नहुने बैंकको भनाइ छ । संयुक्तराज्य अमेरिका जस्ता

धनी राष्ट्रहरूले आफ्नो अर्थतन्त्रलाई चलायमान बनाउन करदाताले बुझाएको ठूलो राजस्व रकम आर्थिक पुनरुद्धारमा खर्च गरेका छन् । त्यहीकारण ठूला अर्थतन्त्र भएका ९० प्रतिशत मुलुकले अर्को वर्षभित्रै कोभिड-१९ महामारीको पूर्वअवस्थामा आफ्ना मुलुकलाई पुऱ्याउने सम्भावना छ । तर, विकासशील मुलुकका लागि परिस्थिति त्यति सहज हुने छैन ।

विश्व बैंकले कोभिडविरुद्धको खोप न्यून आय भएका मुलुकहरूलाई व्यापक स्तरमा उपलब्ध गराउन आग्रह गरेको छ । यी मुलुकहरूमा खोप अभियान सुस्त छ । बैंकले सन् २०२१ मा अमेरिकी अर्थतन्त्र ६.८ प्रतिशतले वृद्धि हुनेअनुमान गरेको छ । जनवरीमा अमेरिकी अर्थतन्त्र ३.५ प्रतिशतले मात्र वृद्धि हुने प्रक्षेपण गरिएको थियो । कोभिडले विश्वकै सबैभन्दा ठूलो अर्थतन्त्र भएको मुलुक अमेरिकाको गतवर्ष आर्थिक वृद्धि ३.५ प्रतिशतले गिरावट आएको थियो । खोप अभियान तीव्र बनाएसँगै अमेरिकी अर्थतन्त्र उकालो लागेको छ ।

विश्वकै दोस्रो ठूलो अर्थतन्त्र रहेको चीनको अर्थतन्त्र सन् २०२१ मा ८.५ प्रतिशतले वृद्धि हुने बैंकको अनुमान छ । कोरोना भाइरसलाई चाँडै नियन्त्रण गरी अर्थतन्त्र खुला गरेको चीनको गतवर्ष अर्थतन्त्र २.३ प्रतिशतले वृद्धि भएको थियो ।

युरो मुद्रा प्रयोग गर्ने युरोपका १९ वटा मुलुकको अर्थतन्त्र ४.२ प्रतिशतले वृद्धि हुनेछ । गतवर्ष यी मुलुकको अर्थतन्त्रमा ६.६ प्रतिशतको गिरावट आएको थियो । जापानको अर्थतन्त्र गतवर्ष ४.७ प्रतिशतले गिरावट आए पनि यसवर्ष २.९ प्रतिशतले वृद्धि हुने विश्व बैंकको भनाइ छ ।

नेपाल सरकार
उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय
जलश्रोत तथा सिंचाइ विभाग
बबई सिंचाइ आयोजना

सिलबन्दी दरभाउपत्र स्विकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०२/२७

यस आयोजनाबाट मिति २०७८/०२/०५ मा PPMO को web site **www.bolpatra.gov.np** मा प्रकाशित सूचना बमोजिम सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०७८/०२/२० दिनको १२:०० बजे सम्म दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरुको मूल्याङ्कन गर्दा तपसिल बमोजिमको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रवाभग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपशिल

SN	Contract No.	Substantially Responsive lowest Bidder	Bid Amount with VAT
1	BIP/SQ-20/077/78	M/S Balaji Hume Pipe Tatha Bidhut Pole Udhyog Pvt. Ltd., Nepalgung-22	NRs. 8,61,506.35

आयोजना निर्देशक

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिराहा
प्रदेश नं. २, नेपाल

X–RAY 300MA / CR SYSTEM खरिद सम्वन्धि पुन : दरभाउपत्र आह्वानको सूचना

(दोस्रो पटक सूचना प्रकाशन मिति : २०७८/०२/२७)

यस धनगढीमाई नगरपालिकाको नयनपुर अस्पतालकको लागि चालु आर्थीक बर्षका लागि X–RAY 300 MA / CR–SYSTEM खरिदको लागि मिति २०७८/०१/२९ गते www.bolpatra.gov.np/egp मा दरभाउपत्र आह्वान गरिएकोमा एक मात्र दरभाउपत्र प्राप्त हुनआएको हुँदा एक अर्काविच वढी प्रतिस्पर्धा होस भनेर पुनः दोस्रोपटक दरभाउपत्र आह्वानको लागि यो ७ (सात) दिने सार्वजनिक सूचना सम्वन्धित सवैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ। यस सवन्धि विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp र यस कार्यालयको Website:– www.dhangadhimaimun.gov.np र सूचना पाटीमा हेर्न हुन तथा कार्यालय समय भित्र यस कार्यालयको स्वास्थ्य शाखा मा सम्पर्क गर्न सक्नु हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
धनगढीमाई नगरपालिका, सिराहा

सुन्दरहरैंचा नगरपालिका

नगर कार्यपालिको कार्यालय
विराटचौक, मोरङ

सेवा करारमा जनशक्ति भर्ना सम्बन्धी सूचनाः

प्रकाशित मितिः २०७८-०२-२७

विश्वव्यापी महामरीको रूपमा फैलिएको कोभिड-१९ बाट संक्रमित भएका बिरामीहरूको उपचारका लागी सुन्दरहरैंचा नगरपालिकाले सञ्चालन गरेको कोभिड विशेष अस्पताल, हरैंचामा कोरोना अवधिभर देहाय बमोजिमका पद र तहका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको आवश्यकता परेको हुँदा पहिलो आवेदक पहिलो प्राथमिकताका आधारमा करार नियुक्ति गरिने भएको हुँदा इच्छुक आवेदकहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं	पद	तह/श्रेणी	माग पद संख्या	शैक्षिक योग्यता
१	जनरल फिजिसियन	नवौं तह	१ जना	मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल फिजिसियन/इन्टरनल मेडिसनमा एम्.डी उपाधी प्राप्त गरेको
२	मेडिकल अफिसर	आठौ तह	२ जना	मान्यता प्राप्त शिक्षण संस्थाबाट एम्.बि.बि.एस् उपाधी प्राप्त गरेको

सेवा तथा सुविधा:

नेपाल सरकारले सम्बन्धित पदको लागी तोकेको समान तहको न्यूनतम तलब स्केलका अतिरिक्त ५०% जोखिम भत्ता साथै अन्य सेवा तथा सुविधा आपसी सहमतिमा तय गरिनेछ।

दरखास्त दिने प्रकिया:

मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र , शैक्षिक योग्यताको प्रमाणपत्रहरू (प्रवेशीका देखि), लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र एवम् विदेशमा अध्ययन गरेको हकमा समकक्षताको प्रमाणपत्र संलग्न गरी आफ्नो सम्पर्क नम्बर समेत उल्लेख गरी सम्बन्धित पदका लागी **sundarharaichaversp@gmail.com** मा निवेदन पठाउनुपर्नेछ।

निवेदन दिने अन्तिम मितिः

सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र।

द्रष्टब्यः

१. नेपाल स्वास्थ्य ऐन २०५३, को दफा १२ को उपदफा (ङ) (च) र (छ) बमोजिम अयोग्य नभएको हुनुपर्ने।
२. नियुक्तिको लागी नगरपालिकामा सम्पर्क गर्दा शैक्षिक योग्यताको सक्कल प्रमाणपत्रहरू (प्रवेशीका देखि), लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, मेडिकल काउन्सिलबाट प्राप्त प्रमाणपत्र एवम् विदेशमा अध्ययन गरेको हकमा समकक्षताको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ।

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना

विराटनगर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७८/०२/२७ गते

उपरोक्त विषयमा यस आयोजनाको तर्फबाट मिति २०७७/१२/१३ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना अनुसार रितपूर्वक दर्ता भई प्राविधिक तथा आर्थिक प्रस्तावहरुको मूल्याँकन हुँदा, तपसीलका बोलपत्र न्यूनतम मूल्याँकित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	कामको विवरण	सफल बोलपत्रदाताको नाम र ठेगाना	कवोल गरेको रकम (मू.अ.कर सहित)
08/077-78/CWSP/ FWSSMP_BRT	Sunkoshi Lift Water Supply Project, Udayapur	CAB - GRD JV Sankhu-5, Lalitpur	17,94,16,904.13

आयोजना प्रमुख

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

कान्ति बाल अस्पताल, महाराजगन्ज

विद्युतिय बोलपत्र आव्हान गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७८।०२।२७

आर्थिक वर्ष २०७७/०७८ मा यस अस्पतालमा Hospital Equipment for Covid-19 Intensive Care Unit (ICU) विद्युतिय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले उक्त कार्यको लागि नेपाल सरकारबाट इजाजत प्राप्त VAT/ PAN मा दर्ता भएका आयकर तिरेका रजिष्टर्ड कम्पनी/फर्म/निर्माण व्यावसायी वा अख्तियार प्राप्त फर्महरूबाट नियमानुसार तोकिएका सर्तको अधिनमा रहि कार्य गर्न विद्युतिय बोलपत्र आव्हान गरिएको छ । बोलपत्रमा भाग लिनको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Website : www.bolpatra.com.gov.np/egp मा राखिएको छ । विद्युतिय बोलपत्र पेश गर्ने अन्तिम मिति २०७८।०३।०२ गते दिनको १२:०० बजेसम्म हुने छ । बोलपत्र सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यलय समय भित्र सम्पर्क राख्न सकिने छ ।

तपसिल

सि. नं.	ठे.सु.नं.	सामग्रीहरूको विवरण	परिमाण	बोलपत्र दस्तुर रू.	बैंक जमानत रकम	बोलपत्र खोलिने मिति र समय
१.	२५–०७७/०७८	**Hospital Equipment for Covid-19 ICU (17 Item)**	1 Package	रू. ५,०००।–	BOQ मा कबोल रकमको ३ (तीन) प्रतिशत हुन आउने रकम	२०७८।०३।०२ दिनको २:०० बजे

नोट:

- बोलपत्रमा सहभागी हुने सम्बन्धित फर्म/कम्पनीले धरौटी बापतको रकम क वर्गको बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।
- बोलपत्र खुल्ने मितिबाट कम्तिमा १२० दिन म्याद भएको बिडबन्ड पेश गर्नुपर्नेछ ।
- तोकिएको दस्तुर कार्यालयको रा.बा. बैंक ठमेलमा रहेको कार्यालयको कोड नम्बर ३७०००३५०३ खाता नम्बर १०००२००१०००० राजश्व शिर्षक नम्बर १४२२९ मा तोकिएको रकम जम्मा गरेको सक्कल भौचर स्क्यान गरि विद्युतीय बोलपत्रमा Upload गर्नु पर्नेछ ।
- बोलपत्रदाताले बोलपत्रमा नेपाली मुद्रामा दररेट कबोल गर्नुपर्नेछ ।
- यस अस्पतालमा तिर्न, बुझाउन बाँकि बक्यौता रहेका, कालोसूचीमा परेका फर्म, कम्पनी, संस्थाले बोलपत्र खरिद प्रक्रियामा भाग लिन पाउने छैनन् ।
- बोलपत्रमा भाग लिने बोलपत्रदाताहरूले आ.व. २०७६।०७७ को कर चुक्ता प्रमाणपत्र, आ.व. २०७७।७८ सम्म नविकरण भएको फर्म दर्ताको प्रमाणपत्र, अनुभव पत्र, कालोसूचीमा नपरेको स्वघोषणालगायत अन्य आवश्यक कागजातहरू पेश गर्नु पर्नेछ ।
- माथि उल्लेख भए बाहेकका विषयहरू सार्वजनिक खरिद ऐन, नियमावली एवं प्रचलित कानून तथा बोलपत्रमा उल्लेख भए बमोजिम हुने छन् ।
- बोलपत्र खोल्ने दिन बिडबन्ड, भौचरको सक्कलै प्रति र कर चुक्ता प्रमाणपत्र, नविकरण भएको फर्म दर्ताको प्रमाणपत्र, अनुभव पत्र र अन्य आवश्यक कागजातहरू पेश गर्दा नोटरी पब्लिकबाट प्रमाणित गराई यस अस्पताल खरिद इकाईमा पेश गर्नुपर्नेछ ।
- बोलपत्र खोलेको ७ (सात) दिन भित्र बिडबन्ड, भौचरको सक्कलै प्रति र कर चुक्ता प्रमाणपत्र, नविकरण भएको फर्म दर्ताको प्रमाणपत्र, अनुभव पत्र र अन्य आवश्यक कागजातहरूको प्रमाणित प्रतिलिपी यस अस्पतालमा पेश गर्नुपर्नेछ ।
- बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र निर्माण सम्बन्धी पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रूपमा स्वघोषणा पेश गर्नुपर्नेछ ।
- बोलपत्रदाताहरूले नेपाली र अंग्रेजी दुबै भाषामा लेखिएको खरिद सम्बन्धी कागजात वा मुद्रित सामाग्री पेश गर्न सक्नेछ ।
- बोलपत्रदाताले आ.व. ०७४।०७५, ०७५।७६ र ०७६।०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ । सो ३ आर्थिक वर्षको जम्मा आयकर (कारोवार) रकम रू. ४,३६,००,०००।– (अक्षरूपी चार करोड छत्तिस लाख रूपैयाँ) हुनुपर्नेछ ।
- माथि उल्लेख भए देखि बाहेकको विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, बमोजिम हुनेछ ।
- बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन भई छनौट भएका बोलपत्रदाताले सम्झौता गरेको मितिबाट ७ दिन भित्र अस्पतालबाट माग भए बमोजिमको सामाग्री उपलब्ध गराइसक्नु पर्नेछ ।